# रास्कोट नगरपालिकाको  श्रम रोजगार बैंकलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५

**पृष्ठभूमी:** रास्कोट नगरपालिकाभित्र युवाहरुका लागि रोजगारी सिर्जना गर्न र नगरपालिकालाई द्रुततर विकासको बाटोमा अगाडि बढाउन  १८ वर्ष उमेर पुरा भई ४० वर्ष उमेर ननाघेका युवाहरुलाई समेटी नगरपालिका स्तरमा श्रम रोजगार बैंक स्थापना गरी श्रम मार्फत नगरपालिकाको समृद्धिको  आधार सहित सामाजिक विकासका हरेक पक्षहरुमा युवाहरुलाई परिचालन गर्न बान्छनीय भएकोले नगर कार्यपालिकाले रास्कोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्न बनेको) ऐन, २०७४ को दफा ४ बमोजिम यो रास्कोट नगरपालिकाको श्रम रोजगार बैंक (संचालन तथा व्यवस्थित गर्ने) सम्बन्धी कार्यविधि, २०७५ बनाई लागू गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस कार्यविधिको नाम “रास्कोट नगरपालिकाको श्रम रोजगार बैंक (संचालन तथा व्यवस्थापन गर्ने) सम्बन्धी कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि प्रमुखवाट प्रमाणिकरण हुने वित्तिकै तुरुन्त लागू हुनेछ ।

**२. <u>परिभाषा</u>:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) “श्रम रोजगार बैंक” भन्नाले रास्कोट नगरपालिकामा स्थापना भएको श्रम रोजगार बैंकलाई जनाउने छ । यसलाई छोटकरीमा रोजगार बैंक र अंग्रेजीमा Labour Epployment Bank (LEB) भनिनेछ ।

(२) “सदस्य” भन्नाले रास्कोट नगरपालिकामा स्थापना भएको १८ वर्षदेखि ४० वर्षसम्मका युवाहरु परिचालानार्थ स्थापना गरेको श्रम रोजगार बैंकका सदस्यहरुलाई सम्झनुपर्छ । यस शब्दले श्रम रोजगार बैंकका अध्यक्ष , व्यवस्थापक र प्राविधिक समेतलाई बुझाउनेछ ।

(३) “अध्यक्ष” भन्नाले रास्कोट नगरपालिकामा स्थापना भएको श्रम रोजगार बैंकका अध्यक्षलाई जनाउनेछ ।

(४) “नगरपालिका” भन्नाले रास्कोट नगरपालिकालाई सम्झनुपर्छ ।

(५) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले रास्कोट नगरपालिकाको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनुपर्छ ।

(६) “कार्यपालिका” भन्नाले रास्कोट नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(७) “नगर सभा” भन्नाले रास्कोट नगरसभालाई सम्झनुपर्छ ।

(८)। “उपप्रमुख” भन्नाले रास्कोट नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(९) “विकास आयोजना” भन्नाले रास्कोट नगरपालिकाले सञ्चालन गर्ने सालबसाली सार्वजनिक विकास आयोजनालाई सम्झनुपर्छ ।

(१०) "न्यायिक समिति" भन्नाले रास्कोट नगरपालिकाको न्यायिक समितिलाई सम्झनुपर्छ ।

(११) "प्रमुख" भन्नाले रास्कोट नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ

(१२) "व्यवस्थापक" भन्नाले श्रम रोजगार बैंकको व्यवस्थापकहरुलाई सम्झनुपर्छ ।

१३) "मुख्य व्यवस्थापक" भन्नाले श्रम रोजगार वैकको मुख्य व्यवस्थापकलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## श्रम रोजगार बैंक स्थापना

**३. <u>श्रम रोजगार बैंक स्थापना:</u>** (१) नगरपालिकामा नगर कार्यपालिकाले तोकेको संख्यामा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेका युवाहरु सदस्य रहेको श्रम रोजगार बैंक स्थापना गरिनेछ । श्रम रोजगार बैंकको सदस्य बन्नका लागि वडा कार्यालयले टोल तथा वस्तीमा सूचना जारी गरी तोकिएको कोटा अनुसार वडा समिति को निर्णयमा वडा कार्यालयले सिफारिस गर्ने छ । यसमा छनोट गर्दा महिला कोटा ३० प्रतिशत समावेस गर्नुपर्ने छ । नगर भरिको भर्नाको चापलाई ध्यान दिइ सिफारिस मध्येबाट मापदण्डको आधारमा आवश्यकीय प्रतिस्पर्धा गराई छनोट समितिले अन्तिम छनोट गर्ने छ । साथै आवश्यक थप कोटा नगर कार्यालयले व्यवस्था गरी छनोट प्रकृयामा समावेस गरेर सदस्य भर्ना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको श्रम रोजगार बैंकमा प्राविधिक र अन्य श्रम सदस्य सहित नगरपालिकाका सबै वडाबाट प्रतिनिधित्व हुने गरी सदस्य छनौट हुनेछन् ।

(३) उपदफा (२) बमोजिमका श्रम रोजगार वैकका सदस्यहरुले नगरपालिकाको विकास आयोजनाहरुमा श्रम सेवा प्रदान गर्नेछन् । यसका साथै नगरपालिकालाई आवश्यक परेको बखत सबै श्रम सदस्यहरुले आवश्यकीय निशुल्क /सशुल्क सुरक्षा सेवा, दैवी प्रकोप तथा विपद् व्यवस्थापन लगायत अन्य श्रम सेवा उपलब्ध गराउनु पर्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रम रोजगार बैंकको अध्यक्ष र मुख्य व्यवस्थापक प्रमुखले नियुक्त गर्नेछ र बैंकको अध्यक्ष कार्यपालिकाप्रति जवाफदेही हुनु पर्नेछ ।

(५) श्रम रोजगार बैंकमा एउटा समूहमा २० जना सदस्यहरु रहनेछन् । प्रत्येक समूहमा एकजना प्राविधिक र एक जना व्यवस्थापक हुनेछ । व्यवस्थापकले प्रत्येक दिनको सबै श्रम सदस्यहरुको हाजिरी राख्ने, सदस्यहरुलाई परिचालन गर्ने र नगरपालिकामा दैनिक रिपोर्टिङ गर्नु पर्नेछ । साथै आवश्यकीय प्राविधिक जनशक्ति परिचालन गरिने छ ।

(५) श्रम रोजगार बैंकका अध्यक्ष, मुख्य व्यवस्थापक, व्यवस्थापक र प्राविधिकले प्रमुख समक्ष र सदस्यले श्रम रोजगार बैंकका अध्यक्ष समक्ष अनुसूची २ बमोजिमको ढाँचामा सपथ गर्नु पर्नेछ ।

(६) श्रम रोजगार बैंकका सम्पूर्ण सदस्यहरु २ महिनाको श्रम परिक्षणकालमा रहनेछन् । परिक्षण कालमा रहेको श्रम सदस्यले आफ्नो पदीय दायित्व वहन नगरेमा, मदिरा सेवन गरेमा, सामाजिक विकृतिमा संलग्न भएमा र नगरपालिकाको हित विपरितका कार्य गरेमा, समुदायको शान्ति खलबल्याएमा स्वत: जिम्मेवारीबाट अलग गरिनेछ ।

४. **श्रम सदस्य हुन आवश्यक पर्ने योग्यता:** (१) दफा (३) बमोजिमको श्रम रोजगार बैंकका लागि दफा (७) को समितिले सदस्य छनौट गर्दा सामान्य लेखपढ गर्न सक्नेदेखि उच्च शिक्षा हासिल गरेका शारीरिक श्रम गर्न योग्य, विविध सीप र क्षमता भएका, शारीरिक रुपले तन्दुरुस्त, श्रमप्रति सम्मान गर्न सक्ने, महिला , दलित, जाती, क्षेत्र, लिंग र सकेसम्म सरकारी रोजगारीको अवसर नपाएका घरपरिवारका सदस्य तथा आर्थिक रुपले पिछडिएको परिवारका सदस्यमध्येबाट छनौट गर्नु पर्नेछ । श्रम सदस्यको अन्य योग्यता दफा (७) बमोजिमको समितिले तोके बमोजिम हुनेछ ।

तर अध्यक्ष हुनका लागि कम्तिमा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको र समूह संचालनमा दख्खल भएको हुनु पर्नेछ । मुख्य व्यवस्थापक कम्तीमा १२ कक्षा उत्तिर्ण गरेको र कार्यालय संचालन सम्बन्धी ज्ञान भएको हुनु पर्नेछ ।

५. **अध्यक्ष र मुख्य व्यवस्थापकको काम, कर्तव्य र अधिकार:** (१) श्रम रोजगार बैंकका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) श्रम रोजगार बैंकको प्रमुख भई काम गर्ने,

(ख) श्रम रोजगार बैंकको योजना र कार्ययोजना बनाउने,

(ग) श्रम रोजगार बैंकका सदस्यको कामको नियमित अनुगमन गरी पृष्ठपोषण दिने,

(घ) श्रम रोजगार बैंकको कामको नियमित रुपमा प्रमुख तथा नगर कार्यपालिकामा प्रतिवेदन गर्ने,

(ङ) प्रमुखको आदेशमा नगरपालिकाको काममा श्रम रोजगार बैंकका सदस्यहरुलाई परिचालन गर्ने,

(च) श्रम रोजगार बैंकका सदस्यहरुलाई नगरपालिकाप्रति जिम्मेवार बनाउन उत्प्रेरित गराउने,

(छ) नगर कार्यपालिका तथा प्रमुखको आदेशानुसार अन्य कामहरु गर्ने ।

(२) श्रम रोजगार बैंका मुख्य व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) श्रम रोजगार बैंकको कार्यालयको प्रमुखको रुपमा काम गर्ने,

(ख) श्रम रोजगार बैंकको योजना र कार्ययोजना बनाउन अध्यक्षलाई सहयोग गर्ने,

(ग) श्रम रोजगार बैंकको दैनिक कार्यालय संचालन गर्ने,

(घ) श्रम रोजगार बैंकका सम्पूर्ण सदस्यहरुको व्यक्तिगत अभिलेख राख्ने,

(ङ) श्रम रोजगार बैंकका प्रत्येक समूहहरुको कामको अभिलेख राख्ने,

(च) श्रम रोजगार बैंकको समूहगत हित कोषको यथार्थ अभिलेख राख्ने,

(छ) अध्यक्षको आदेशानुसार अन्य काम गर्ने,

६. **श्रम रोजगार वैक लाई सार्वजनिक निर्माणका काम दिनु पर्ने:** (१) नगरपालिकाले बजेट मार्फत गर्ने सालबसाली विकास आयोजनाहरुमा उपभोक्ता समितिलाई काम दिए जस्तै पहिलो प्राथमिकतामा राखी सार्वजनिक निर्माणका कामहरु नगरपालिकाले श्रम रोजगार बैंकलाई दिनु पर्नेछ ।

(२) दफा (१) बमोजिम श्रम रोजगार बैंकलाई नगरपालिकाका सार्वजनिक निर्माणका कामहरु जिम्मा दिने र परिचालन गर्ने प्रयोजनका लागि देहाय बमोजिको परिचालन समिति रहनेछ ।

(क) प्रमुख संयोजक

(ख) उप-प्रमुख सदस्य

(ग) पूर्वाधार विकास समितिको संयोजक वा प्रतिनिध सदस्य

(घ) आर्थिक विकास समितिको संयोजक वा प्रतिनिधि सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(च) सामाजिक विकास समिति संयोजक वा प्रतिनिधि सदस्य

(छ) वन वातावरण तथा विपत व्यवस्थापन संयोजक वा प्रतिनिधि सदस्य

(च) प्रमुख, पूर्वाधार विकास तथा वातावारण व्यवस्थापन शाखा सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिले श्रम रोजगार बैंकलाई सार्वजनिक निर्माणका कामहरु जिम्मा दिने निर्णय गरे बमोजिम नगरपालिकाले योजनाको लागत, परिमाण, समय सिमा र गुणस्तर तोकेर श्रम रोजगार बैंकसँग पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाले सम्झौता गर्नेछ ।

(५) उपदफा (२) को समितिले हरेक आर्थिक वर्ष शुरु भएको पहिलो महिनाभित्र श्रम बैंकलाई वार्षिक कार्य योजना दिनु पर्नेछ । यो २०७५/०७६ आवको हकमा फागुन १५ गते भित्र कार्य योजना दिइसक्नु पर्नेछ ।

**७. श्रम रोजगार बैंक सदस्यले काम गरेवापत पाउने दैनिक ज्यालाः** (१) श्रम सदस्यहरुले नगरपालिकाको विकास योजनामा काम गरेवापत काम गरेको दिनको श्रम रोजगार बैकको प्राविधिक र नगरपालिकाको सम्बन्धित साइट हेर्ने प्राविधिकको मूल्यांकनको आधारमा जिल्ला दररेट अनुसार दैनिक ज्याला सदस्यहरुलाई प्रदान गरिनेछ । बैंकका व्यवस्थापक र साइड प्राविधिकले क्रमशः अरु श्रम रोजगार बैक सदस्यभन्दा दैनिक रु.१५०। र रु.१४०। थप ज्याला पाउने छन् ।

(२) श्रम रोजगार बैंकका अध्यक्ष र मुख्य व्यवस्थापकले नगरपालिकाको सहायक चौथो तहको कर्मचारीको शुरु तलब स्केल सरह न्यूनतम पारिश्रमिक पाउनेछन् । तर श्रम रोजगार बैंकका सदस्यहरुको समग्र कामको मूल्यांकनको आधारमा अध्यक्षलाई रु.२००। र मुख्य व्यवस्थापकलाई रु.१५०। प्रति दिन थप भत्ता उपलब्ध गराईनेछ ।

(३) उपदफा (१) बमोजिमको ज्याला वापतको रकम र उपदफा (२) बमोजिमको पारिश्रमिक रकम नगरपालिकाले प्रत्येक श्रम रोजगार वैक सदस्यहरुको बैंक खातामा जम्मा गरिदिनेछ ।

**८. अनुगमन तथा सुपरीवेक्षण समितिः** (१) श्रम रोजगार बैंकबाट भएको नगरपालिकाको सार्वजनिक योजनाको लागत, परिमाण, समयसीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी पृष्ठपोषण दिनका लागि निम्नानुसारको अनुगमन तथा सुपरीवेक्षण समिति रहने छ । यस समितिले निरन्तर रुपमा श्रम रोजगार बैंकका सदस्यहरुबाट भएको कामको अनुगमन मूल्यांकन हुनेछ ।

(क) उपप्रमुख संयोजक

(ख) प्रमुखले तोकेका एकजना महिला सहित कार्यपालिकाका सदस्यहरुमध्येबाट दुईजना सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) श्रम रोजगार बैंकको अध्यक्ष — सदस्य

(ङ) प्रमुख, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा — सदस्य-सचिव

९. **भर्ना सम्बन्धी व्यवस्था:** (१) श्रम रोजगार बैंकका सदस्य, व्यवस्थापक तथा प्राविधिक भर्ना तथा छनौटका लागि देहायको समिति रहनेछ ।

(क) प्रमुख — संयोजक

(ख) उपप्रमुख — सदस्य

(ग) संयोजक, पूर्वाधार विकास समिति — सदस्य

(घ) प्रमुख, इलाका प्रहरी कार्यालय स्युना — सदस्य

(ङ) प्रमुख, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा — सदस्य-सचिव

(२) श्रम रोजगार बैंकका सदस्य, व्यवस्थापक तथा प्राविधिक छनौट तथा भर्नाका लागि उपदफा (१) को समितिले कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद- ३

## अन्य व्यवस्था

१०. **प्रशासनिक खर्च दिन सक्ने:** (१) नगरपालिकाले श्रम रोजगार बैंकको अध्यक्ष र मुख्य व्यवस्थापकको पारिश्रमिक र थप भत्ता एवं बैंकको प्रशासनिक कार्य सञ्चालनका लागि आवश्यकता अनुसार प्रशासनिक खर्च, औजार उपकरण र लजिष्टिक सामान, संचार सेवा उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिम लजिष्टिक सामान तथा औजार उपकरण खरिद गर्दा सार्वजनिक खरिद नियमलाई पालना गर्नु पर्नेछ ।

११. **सदस्यको विमा व्यवस्था:** नगरपालिकाले श्रम रोजगार बैंकका श्रम सदस्यको लागि रु. १० लाखको दुर्घटना विमा गर्नु पर्नेछ ।

१२. **बचत गर्नु पर्ने:** श्रम रोजगार बैंकका प्रत्येक सदस्यले आम्दानीको १० प्रतिशत अनिवार्य बचत गर्नु पर्नेछ ।

१३. **कमाण्डमा रहनु पर्ने:** (१) श्रम रोजगार बैंकका प्रत्येक सदस्य आफ्नो समूहको व्यवस्थापकको कमाण्डमा रहनु पर्नेछ । सबै सदस्यहरु बैंकका व्यवस्थापकको, व्यवस्थापक मुख्य व्यवस्थापकको र मुख्य व्यवस्थापक अध्यक्षको कमाण्डमा रहनु पर्नेछ र अध्यक्षले प्रमुखको कमाण्डमा रही काम गर्नु पर्नेछ ।

१४. **उच्च मनोबलका साथ काम गर्नु पर्ने:** नगरपालिकाको सार्वजनिक विकास निर्माण र सुरक्षा व्यवस्थाका लागि श्रम रोजगार बैंकका प्रत्येक सदस्यले उच्च मनोबलका साथ निश्वार्थ भावनाले काम गर्नु पर्नेछ ।

**१५. <u>जिम्मेवारीबाट हटाउन सक्ने:</u>** (१) रोजगार वैकका अध्यक्ष तथा अन्य सदस्यहरुले आफ्नो पदीय दायित्व वहन नगरेमा, मदिरा सेवन गरेमा, सामाजिक विकृतिमा संलग्न भएमा र नगरपालिकाको हित विपरितका कार्य गरेमा परिचालन समितिको सिफारिसमा प्रमुखले कुनै पनि समयमा वैक सदस्यबाट निलम्वन गरि जिम्मेवारीबाट हटाउने छ ।

(२) उपदफा (१) बमोजिम बैंकको अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि सफाई र स्पष्टिकरणको मौका दिईने छ ।

(३) उपदफा (२) बमोजिम दिईएको स्पष्टिकरण चित्त बुझ्दो नभएमा निजलाई पदबाट हटाईनेछ ।

(४) श्रम रोजगार बैंकका सदस्यलाई फौजदारी अभियोग लागेमा स्वतः जिम्मेवारीबाट हटाइनेछ ।

**१६. <u>विवादको समाधान:</u>** श्रम रोजगार बैंकका सदस्यहरुबीच विवाद उत्पन्न भएमा सामान्यतया रोजगार बैंकको समूह व्यवस्थापक र बैंकको अध्यक्ष एवं सदस्य स्वयंले विवादको समाधान गर्नु पर्नेछ र विवादको समाधान हुन नसकेको अवस्थामा न्यायिक समितिले निर्णय लिने छ ।

**१७. <u>अनिवार्य अवकाश</u>**: श्रम रोजगार वैकका सदस्यहरुको सेवा अवधिको उमेर हद ५० वर्ष कायम रहने छ ।

**१८. <u>समूहगत हित कोषः</u>** (१) रोजगार बैंक सदस्यहरुले सार्वजनिक कार्य गरेवापत प्राप्त हुने मुल्याङ्कनको रकममा अधिकतम ज्याला भुक्तान गर्दा वढी हुन आएको रकम रोजगार बैंकको समूहगत हित कोषमा जम्मा गरिने छ ।

(२) उपदफा (१) बमोजिमको हितकोषको रकम बैंकमा खाता खोली जम्मा गरिनेछ । हितकोषको खाता श्रम रोजगार बैंकका अध्यक्ष, मुख्य व्यवस्थापक र समूहको व्यवस्थापकको नामबाट संचालन हुनेछ ।

**१९. <u>अन्यत्र काममा खटाउन सक्ने:</u>** आवश्यकता अनुसार परिचालन समितिको सिफारिशमा प्रमुखको आदेशानुसार अध्यक्षले श्रम रोजगार बैंकका समूहहरुलाई नगरपालिका क्षेत्रभित्र वा नगरपालिका क्षेत्रबाहिर नगरपालिकाको सार्वजनिक काम बाहेक अन्य काममा सम्बन्धित पक्षसँग काम र ज्यालाको सम्बन्धमा लिखित सम्झौता गरी श्रम गर्न खटाउनेछ ।

(२) उपदफा (१) अनुसार श्रम गर्न खटिएको श्रम रोजगार बैंकका समूहका सदस्यहरुले यस कार्यविधि बमोजिम ज्याला सम्बन्धित पक्षबाट उपलब्ध हुनेछ ।

**२०. <u>मूल्यांकन तथा परीक्षण:</u>** आवश्यकता अनुसार श्रम रोजगार बैंकका सदस्यहरुको कामको मूल्यांकन र परीक्षण निरन्तर रुपमा हुनेछ । मूल्यांकन तथा परीक्षण गर्दा चित्तबुझ्दो काम गरेको नपाइएमा सुधारका लागि सुझाव दिने अर्को पटकको मूल्यांकन तथा परीक्षणमा सुधार भएको नपाइएमा चेतावनी दिने र सुधारका लागि सुझाव दिने सो सुझाव पछि पनि सुधार भएको नपाइएमा नसिहत दिईने छ ।

**२१. <u>आन्तरिक परीचालन सम्बन्धी व्यवस्था:</u>** आन्तरिक परीचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२. <u>सडक सम्भार समूहसम्बन्धी व्यवस्था:</u>** (१) नगरपालिकाभित्रका सबै सडकलाई मर्मत सम्भार गर्न एउटा सडक मर्मत सम्भार समूह (Road Maintanance Group- RMG) रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सडक मर्मत सम्भार समूह (Road Maintanance Group- RMG) का सदस्यहरुले नगरपालिका अन्तर्गतका सबै सडकहरुको रेखदेख र उचित मर्मत सम्भार गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका सडक मर्मत सम्भार समूह (Road Maintanance Group- RMG) का सदस्यहरुले महिनामा अधिकतम १५ दिन काम गरेको आधारमा दफा ७ बमोजिम श्रम रोजगार बैंकका सदस्यले पाउने दैनिक ज्याला सरह ज्याला पाउनेछन् ।

(४) सडक मर्मत सम्भार समूह (Road Maintanance Group- RMG) को अन्य काम, कर्तव्य र अधिकार नगर प्रमुखले तोके बमोजिम हुनेछ ।

**२३. <u>बाधा अड्काउ फुकाउने</u>:** श्रम रोजगार बैंक सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा बाधा अड्काउ पर्न गएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ ।

हालसालै खिचेको पास्पोर्ड साईजको फोटो

*अनुसुची १*

# श्रम रोजगर वैंक

**रास्कोट नगरपालिका -५, आर. सि. पी. ,कालिकोट**

***सदस्यता आवेदन फारम***

**श्रीमान् नगर प्रमुख ज्यू,** **मिति २०७५।**
**।**
**रास्कोट नगरपालिका - ५,आर सि पी**
**कालिकोट ।**

**विषय : आवेदन गरिएको वारे ।**

**महोदय,**

प्रस्तुत विषयमा यस रास्कोट नगरपालिकामा स्थापना भई संचालन हुन लागेको श्रम रोजगार वैंङ्कको सम्पर्ण मुल्य मान्यता तथा नीति, नियम र प्रचलित कानुनको अधिनमा रहन मन्जुर भई यस श्रम रोजगार वैंकको सदस्यता प्रदान गर्न तथा यस वैंकद्धारा संचालन गरिने सम्पुर्ण कार्यहरुमा सक्रिय सहभागी भई कार्य गर्ने अवसर प्रदान गरिदिन हुन यो आवेदन पेश गर्दछु ।
साथै मेरो विवरण तपशिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**<u>तपशिल</u>**

**१ आवेदकको नाम/थर :** ....................................... ***जन्ममिति*** ............................ ***नागरिकता नं.***.............................................................. ***जारी मिति***..........
***ठेगाना*** : रास्कोट नगरपालिका वडा नं. ........ ***शैक्षिक योग्यता*** : मोबाईल नं.
**वुवा/आमाको नाम /थर** .............................................
**पति/ पत्नीको नाम /थर** ........................................................... **बाजेको नाम**................................
**मासिक आम्दानी अंकमा रु** ............. अक्षरमा .................................................
**बार्षिक आम्दानी अंकमा रु** ............ अक्षरमा.................................................

**२ परीवारभित्रको रोजगारीको अवस्था :**

| क स | रोजगारवालाको नाम | रोजगारी दिने कार्यालय/संस्था | पद | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**३ कार्य अनुभवको विवरण ( सिपमा सिकर्मी, डकर्मी,, सिमेन्ट प्लास्टर, ज्यामी , वा अन्यभए खुलाउने )**

| **क स** | **काम गरेको संस्था/ कार्यालयको नाम** | **कामको विवरण ( के काम गर्नु भएको थियो )** | **अनुभव वर्ष / महिना** | **तपाईसंग भएको महत्वपुर्ण सिप** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**४ आवेदकसंग कुन काम गर्नमा रुची छ उल्लेख गर्ने :**

**५ वैवाहिक स्थिती :** विवाहित /अविवाहित

**विवाहित भए छोराको संख्या र छोरीको संख्या** (विवाह गरेर छुट्टीएको छोरा र विवाहित छोरीको विवरण नराखु होला)

| क स | छोरा / छोरीको नाम | उमेर | पढि रहेको भए विद्यालयको नाम/ ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

***माथी उल्लेखित सम्पुर्ण विवरण ठिक साचो हो । यदि यो व्यहोरा झुठो ठहरिएमा कानुन वमोजिम सहुला वुझाउला ।***

| औठा छाप | |
|---|---|
| दायाँ | वायाँ |
| | |

आवेदकको

नाम थर.................

हस्ताक्षर ..................

**आवश्यक कागजातहरु**

१ पासपोर्ट साइजको फोटो १ प्रति

२ नागरीकताको प्रतिलिपि वा मतदाता नामावलीको प्रतिलिपि

३ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

४ वडा कार्यलयले छनोट गरी पठाएको सिफारिस

५ अनुभव प्राप्त भए अनुभवका प्रमाणपत्रहरु

अनुसूची २

दफा ३ को उपदफा ५ सँग सम्बन्धित

सपथ

म........................................................ रास्कोट र रास्कोटी जनताको नाममा सपथ लिन्छु कि रास्कोट श्रम रोजगार बैंकको सदस्यको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान, विवेक, क्षमता र सीपले जाने बुझेसम्म इमान, धर्म र कर्तव्य सम्झी, रास्कोट नगरपालिका र श्रम रोजगार बैंकप्रति वफादार रही भय, पक्षपात वा द्वेस नराखी, लोभ, लालच, मोलाहिजा नगरी, अनुशासनमा रही, रास्कोट नगरपालिका र श्रम रोजगार बैंकको भलो चिताई, श्रमलाई उच्च सम्मान दिई रास्कोट नगरपालिकाको श्रम रोजगार बैंक (संचालन तथा व्यवस्थापन गर्ने) सम्बन्धी कार्यविधि, २०७५ तथा प्रचलित कानूनको व्यवस्थाको अधिनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु । दत्तचित्त भई तोकिएको श्रममा सहभागी हुनेछु ।

| **सपथ ग्रहरण गर्नेको** | **सपथ ग्रहण गरेको प्रमाणित गर्नेको** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| ठेगानाः | कार्यालयः |

........................

(काशीचन्द्र बराल)

नगरप्रमुख

रास्कोट नगरपालिका

रास्कोट, कालिकोट

कर्णाली प्रदेश, नेपाल

प्रमाणिकरण मितिः इति सम्बत २०७५ साल पौष १ गते रोज १ शुभम् ।